# धार्चे गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## माछिखोला, गोरखा

पत्र संख्या :-२०८१/०८२ गण्डकी प्रदेश, नेपाल।

**मौजुदा सूची दर्ता गर्ने सम्बन्धी सूचना ।**

**(प्रकाशित मितिः- २०८१।०४।३१)**

यस गाउँपालिका कार्यालयको लागि आ.व.२०८१/०८२ मा आवश्यक पर्ने तपशिल बमोजिमका सामानहरु, सेवा तथा परामर्शका कार्यहरु उपलब्ध गराउन इच्छुक इजाजत प्राप्त दर्तावाल व्यक्ति, फर्म, कम्पनि एवं संस्थाहरुबाट सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १८ अनुसार मौजुदा सुची (Standing List) दर्ताको लागि सोहि नियमावलीको अनुसुची २(क) बमोजिमको ढाँचामा यस कार्यालयमा निवेदन दर्ता गराउनुहुन यो सूचना प्रकाशित गरिएको छ । आफुले गर्न चाहेको कार्यको लागि विषयगत छुट्टाछुट्टै निवेदन दर्ता गराउनु पर्नेछ । रित नपुगी आएका निवेदनलाई मान्यता दिईने छैन ।प्राप्त दरखास्तहरु सूचीकृत गर्ने वा नगराउने अधिकार यस कार्यालयमा सुरक्षित रहने छ ।

***सेवाहरु:***

१. सार्वजनिक निर्माण कार्य ।
२. इन्जिनियरिङ्ग सेवा ।
३. परामर्श सेवा ।
४. मसलन्द, स्टेशनरी एवं छपाई समेतका सबै कार्य ।
५. कम्प्युटर उपकरण नेटवर्क सम्बन्धी ।
६. सूचना तथा विज्ञापन सम्बन्धी प्रकाशन तथा प्रशारण ।
७. फर्निचर तथा फिक्चर्स ।
८. सवारी साधन मर्मत ।
९. विद्युतीय सामाग्रीहरु खरिद तथा विक्री।
१०. कृषि तथा पशु सम्बन्धी सबै आवश्यक सामाग्री खरिद तथा विक्री ।
११. मेडिसिन तथा आयुर्वेद सम्बन्धी सबै सामाग्री उपकरण तथा औषधिहरु खरिद तथा विक्री लगायत।

**सुचीकृतका लागि पेश गर्ने कागजातहरु:**

१. सूचि दर्ताको निवेदन
२. संस्था/फर्म दर्ता तथा नविकरणको प्रमाण पत्रको छायाँप्रति
३. स्थायी लेखा नम्वर तथा भ्याट दर्ता प्रमाणपत्रको छायाँप्रति
४. रू.१०००।- दस्तुर तिरेको भौचर (हिमालयन बैंक लि. माछिखोला शाखामा रहेको खाता नं. धार्चे गा.पा. ग-१-१ २७४४९३६५३२००६२ आन्तरिक राजश्व )
५. कर चुक्ता प्रमाण पत्रको छायाँप्रति

.......................................
काजीमान सुनार
प्रमुख प्रशासकीय अधिकृत

वेबसाइट :- www.dharchemun.gov.np इ-मेल :- rmdharche@gmail.com